# अर्नमा गाउँपालिका

## आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षा-२०७६

मिति : २०७६/११/२१

**विषय : कक्षा-८ को गाउँस्तरीय परीक्षा संचालन सम्बन्धमा ।**

श्री ........................................ आधारभूत/मा.वि, गा.पा. अर्नमा ।

प्रस्तुत विषयमा मिति २०७६/११/२१ गते बसेको आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षा समितिको बैठकबाट २०७६ सालको कक्षा-८ को अन्तिम परीक्षा संचालन सम्बन्धमा तपसील अनुसार गर्ने गरी निर्णय भएकोले सोही अनुसार परीक्षा संचालन गर्न/गराउनु हुन जानकारीको लागि अनुरोध छ।

**तपसील**

१. २०७६ सालको आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षाको कार्यक्रम देहाय बमोजिम रहेको छ।

| मिति | विषय | समय |
|---|---|---|
| २०७६/११/२९ गते विहीवार | अनिवार्य अङ्ग्रेजी | बिहान १०:३० बजेदेखि १२:४५ बजेसम्म |
| २०७६/११/३० गते शुक्रवार | अनिवार्य नेपाली | बिहान १०:३० बजेदेखि १२:४५ बजेसम्म |
| २०७६/१२/०१ गते शनिवार | अनिवार्य विज्ञान तथा वातावरण | बिहान १०:३० बजेदेखि १२:४५ बजेसम्म |
| २०७६/१२/०२ गते आईतवार | अनिवार्य सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा | बिहान १०:३० बजेदेखि १२:४५ बजेसम्म |
| २०७६/१२/०३ गते सोमवार | अनिवार्य गणित | बिहान १०:३० बजेदेखि ०१:३० बजेसम्म |
| २०७६/१२/०४ गते मंगलवार | अ. स्वा. तथा शारीरिक शिक्षा+पेशा व्य. तथा प्रविधि शिक्षा | बिहान १०:३० बजेदेखि ०१:०० बजेसम्म |
| २०७६/१२/०५ गते बुधवार | नैतिक शिक्षा+कम्प्यूटर विज्ञान | बिहान १०:३० बजेदेखि १२:४५ बजेसम्म |

२. आवेदन फाराम अर्नमा गाउँपालिका शिक्षा शाखाबाट उपलब्ध गराईनेछ र फाराम बुझ्न आउँदा EMIS को Hard Copy प्र.अ. बाट प्रमाणित भएको हुनु पर्नेछ।

३. परीक्षार्थीहरुबाट आवेदन फाराम भर्न लगाई समष्टिगत फाराम २०७६ फाल्गुण २३ गते भित्र अनिवार्य अर्नमा गाउँपालिकाको शिक्षा शाखामा पेश गरि सक्नु पर्नेछ।

४. परीक्षार्थीहरुलाई तोकिएको सिम्बल नं. बाट परीक्षा दिलाउनु पर्नेछ।

५. २०७६ सालको आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षाका लागि परीक्षा कोड कायम गरी परीक्षा संचालन गरिनेछ । परीक्षार्थीहरुको परीक्षा केन्द्र सम्बन्धित विद्यालय नै हुनेछ र सो विद्यालयका प्र.अ. लाई केन्द्राध्यक्ष तोकिएको छ।

६. आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षाको शुल्क सम्बन्धमा यस गाउँपालिका अन्तरगत संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरुले परीक्षा सम्बन्धी कुनै पनि प्रकारको शुल्क लिन पाउने छैन।

७. आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षाका प्रश्न-पत्रहरु स्थानीय प्रहरी कार्यालयहरुमा राखिने भएकोले उक्त प्रश्न-पत्रहरु सम्बन्धित विद्यालयका प्र.अ. वा तोकिएको प्रतिनिधिले परीक्षा हुने प्रत्येक दिनको एक घण्टा अगाडि मात्र बुझि लिनु पर्नेछ।

८. परीक्षा समाप्त भए पछि सबै उत्तरपुस्तिकाहरु सम्बन्धित विषय शिक्षकहरुबाट विश्वसनीय तवरले परीक्षण गर्न लगाउने र शिक्षा शाखाबाट उपलब्ध गराईएको मार्कलेजरमा प्रयोगात्मक तथा आन्तरिक र बाह्य अङ्क (ग्रेडिङ्ग) चढाई प्र.अ. बाट अनिवार्य प्रमाणित गरी सो मार्कलेजर २०७६ चैत्र मसान्त भित्रमा अनिवार्य रुपमा शिक्षा शाखामा बुझाउनु पर्नेछ।

९. प्रयोगात्मक परीक्षा विद्यालयहरुले विषय शिक्षकबाट अनिवार्य रुपमा संचालन गर्न लगाई ग्रेड लेजर प्र.अ.द्वारा प्रमाणित गरी शिक्षा शाखामा पेश गर्न गराउन हुन्।

१०. उत्तरपुस्तिका तथा परीक्षासँग सम्बन्धित अन्य सामाग्रीहरु २०७६ फाल्गुण २८ गते अर्नमा गाउँपालिका शिक्षा शाखाबाट वितरण गरिनेछ। परीक्षा सामाग्री बुझ्न आउँदा विद्यालयका शिक्षक वा कर्मचारीलाई विद्यालयको आधिकारिक पत्र सहित पठाउनु पर्नेछ।

११. आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षा समितिका पदाधिकारीहरु, गाउँ शिक्षा समितिका पदाधिकारीहरु, विभिन्न पेशागत संघ संस्थाका प्रतिनिधिहरु, सम्बन्धित वडाका प्रतिनिधिहरु समेतले परीक्षाको अनुगमन गरी प्रतिवेदनको आधारमा कार्यवाही समेत गर्ने निर्णय ... परीक्षालाई मर्यादित, स्वच्छ, प्रभावकारी र पारदर्शी गर्न गराउन हुन।